नेपाल कानून समाज
NEPAL LAW SOCIETY

नेपाल कानून समाज र इन्टरनेसनल आइडिया

# संविधान सूचना केन्द्र बारे संङ्क्षिप्त जानकारी

(संविधानसभा सचिवालयसँगको सहकार्यमा संविधान सम्बन्धी सूचनाहरु बारे आमनागरिकको जानकारीका लागि सूचना केन्द्रको स्थापना)

## १. नेपाल कानून समाज र इन्टरनेसनल आइडिया बारे

नेपाल कानून समाजले स्थापना कालदेखि नै कानूनी शासन, मानव अधिकार, सुशासन, स्वतन्त्र एवं सक्षम न्यायपालिका जस्ता क्षेत्रमा विभिन्न कार्यक्रम मार्फत सक्रियता देखाउँदै आएको छ। समाजले संविधान निर्माणका विभिन्न सवालहरुमा पनि समय–समयमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। नेपालमा हाल संविधानसभा मार्फत संविधान निर्माण गर्ने कार्यमा सबै पक्ष जुटिरहेको सन्दर्भमा समाजले पनि संविधान निर्माण प्रक्रियामा सहयोग पुऱ्याउनु आफ्नो महत्वपूर्ण कर्तव्य ठानी विविध कार्यक्रम मार्फत निरन्तरता दिइरहेकै छ।

नेपालमा कार्यरत इन्टरनेसनल आइडिया विश्वमा लोकतन्त्र र निर्वाचन सम्बन्धी सहयोगका लागि स्थापित अन्तरसरकारी संस्था हो। यसले गत पाँच वर्षदेखि नेपालमा विभिन्न लोकतान्त्रिक मूल्य र मान्यतामा सहयोग पुऱ्याउँदै आएको छ भने वर्तमान संविधान निर्माण प्रक्रियामा पनि सुरुदेखि नै सहयोग गरिरहेको छ। नेपाल कानून समाज र इन्टरनेसनल आइडियाले संविधानसभा सचिवालयको सहकार्यमा संविधानसभा मार्फत संविधान निर्माण कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले संविधानसभाका सदस्य र सचिवालयका जनशक्तिको क्षमता अभिवृद्धि कार्यक्रम लगायत जनताको अभिमत सङ्कलन, संविधानको मस्यौदा बारे प्रशिक्षण, कार्यशाला, गोष्ठी, अन्तरक्रिया आदि कार्यक्रम स्वदेशी तथा विदेशी विज्ञहरुको सहभागितामा सञ्चालन गर्दै आएका छन्।

## २. सूचना केन्द्र बारे

संविधानसभा नियमावली, २०६५ ले संविधानसभाका क्रियाकलापहरु आमनागरिकमा छलफलका लागि लैजाने र संविधान निर्माण प्रक्रियामा जीवन्त छलफल चलाउने विषयलाई प्रवर्द्धन गर्ने कुरा स्पष्ट रुपमा उल्लेख गरेको छ। जसका लागि संविधानसभाले दुई वटा प्रकृयागत समितिहरु (नागरिक सम्बन्ध समिति र जनमत सङ्कलन तथा समन्वय समिति गठन गरेको छ। संविधानसभा नियमावली, २०६५ ले नागरिक सम्बन्ध समितिलाई) संविधानसभामा आम नागरिकको सहज पहुँचको संयन्त्र निर्माण र सो को कार्यान्वयन गर्ने, संविधानसभा, संविधान निर्माण प्रक्रिया र यसको नियमित क्रियाकलाप बारे प्रभावकारी सूचना संप्रेषणको व्यवस्था र अन्य सहयोगीहरुसँग समन्वय गर्ने, संविधानसभा, संविधान निर्माण प्रक्रिया र यसको नियमित क्रियाकलाप बारे सरकारी निकाय, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी सङ्घ, संस्था, नागरिक समाज र सञ्चार माध्यमबाट सञ्चालित सम्पूर्ण गतिविधिहरुको अनुगमन र मूल्याङ्कन गर्ने, नागरिकलाई संविधान निर्माणमा सहभागी हुने प्रक्रियाबारे जानकारी गराउने र मिडिया सेन्टरको अनुगमन गर्ने जिम्मेवारी प्रदान गरेको छ। जनमत सङ्कलन तथा समन्वय समितिलाई मुख्य रुपमा– संविधानको मस्यौदा माथि जनमत एवम् सुझाव सङ्कलन गर्न विभिन्न सञ्चार माध्यमबाट मस्यौदाको प्रचार–प्रसार गर्ने, संविधानको मस्यौदा माथि सार्वजनिक सुनुवाई गर्ने, गराउने, गोष्ठी, अन्तरक्रिया र कार्यशालाको आयोजना गर्ने, विभिन्न माध्यम मार्फत स्वदेश वा विदेशबाट व्यक्तिगत वा संस्थागत रुपमा प्राप्त सुझावहरुको अभिलेख राख्ने, व्यवस्थापन गर्ने र सुझावहरुको प्रतिवेदन तयार पारी सभामा पेश गर्ने जिम्मेवारी प्रदान गरिएको छ।

माथि उल्लिखित समितिहरुलाई नियमावलीले महत्वपूर्ण जिम्मेवारी प्रदान गरे तापनि आवश्यक श्रोत र जनशक्तिको अभावमा यी समितिहरुले प्रभावकारी रुपमा काम गर्न सकेका छैनन्। संविधान निर्माणको यस अवधिमा यी दुवै समितिको महत्वपूर्ण भूमिका रहेको भए तापनि संविधान निर्माण प्रकृयामा भएको विलम्वले संविधानसभाप्रति नै नकारात्मक धारणामा वृद्धि हुँदै गएको देखिन्छ। तसर्थ यी समितिले संविधानसभाप्रति आमनागरिकको विश्वास वृद्धि गर्न महत्वपूर्ण योगदान गर्न सक्दछन् तर त्यसका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न यी समितिहरुलाई बौद्धिक, आर्थिक तथा मानवीय श्रोत साधनको आवश्यकता पर्दछ।

नेपाल कानून समाज र इन्टरनेसनल आइडियाले संविधान निर्माण गर्ने क्रममा संविधानसभाबाट भएका गतिविधि र संविधानमा नागरिकको सुझाव सङ्कलन गर्ने बारेमा समितिहरु र सचिवालयका पदाधिकारीहरुसँग समय–समयमा छलफल गरेका आधारमा संविधान सूचना केन्द्र स्थापना गरिएको छ। संविधानसभा र संविधान निर्माण प्रकृयाका सम्बन्धमा आमजनताले सहज रुपमा सूचना प्राप्त गरुन भन्ने उद्देश्य उक्त सूचना केन्द्रले राखेको छ।

संविधान सूचना केन्द्रले नागरिक सम्बन्ध समिति र जनमत सङ्कलन तथा समन्वय समितिसँग समन्वय गरी जिल्लाहरुमा विभिन्न कार्यक्रम सञ्चालन गरी सूचना प्रवाह गर्नेछ। संविधानसभाबाट संविधानको पहिलो मस्यौदा आउनु भन्दा अघि यी सूचना केन्द्रहरुले नागरिक सम्बन्ध समितिलाई सूचनाको प्रचार–प्रसार गर्न सहयोग गर्ने छन् र संविधानको पहिलो मस्यौदा राजपत्रमा प्रकाशित भएपछि जनमत सङ्कलन तथा समन्वय समितिलाई जनमत सङ्कलन गर्न सहयोग पुऱ्याउने छन्।

यस्ता कार्यहरुबाट संविधानसभाले संविधान लेखन प्रकृयामा हालसम्म प्राप्त गरेका उपलब्धी र आगामी प्रकृयाका वारेमा समेत आमजनतालाई जानकारी प्रदान गर्न उपयोगी हुने विश्वास सूचना केन्द्रले लिएको छ। दोश्रो चरणको सार्वजनिक छलफल र सुझाव सङ्कलन गर्न, संविधान लेखन प्रकृयामा भएको ढिलाई प्रति जनतामा देखिएको नकारात्मक धारणालाई कमी गर्न धेरै हद सम्म यस सूचना केन्द्रले सहयोग पुऱ्याउने अपेक्षा गरेको छ। यी सूचना केन्द्रहरुले अन्य साझेदारहरुद्वारा आयोजना गरिने छलफलका लागि समेत मञ्च उपलब्ध गराउन सक्नेछन्।

त्यसैले संविधानसभा र यस सम्बन्धी विभिन्न विषयमा उपयुक्त किसिमले सूचना प्रवाह गर्नको लागि पहिलो चरणमा आवश्यक जनशक्ति सहित ५ वटा विकास क्षेत्रमा सूचना केन्द्रहरु स्थापना गरिएका छन्। प्रस्तावित नयाँ संघीय ढाँचालाई अन्तिम रुप दिन कम्तिमा एक वर्ष लाग्ने देखिएकोले वर्तमान प्रशासनिक ढाँचा भित्रै रहेर जिल्लाको चयन गरिएको छ।

सूचना केन्द्रका सम्पर्क व्यक्ति र सहयोगी कर्मचारी मार्फत प्रस्तावित विभिन्न कार्यक्रमहरु सञ्चालन गरिने छन्। सूचना केन्द्रहरुमा पुस्तकालय सुविधा लगायत अन्य आवश्यक सामाग्रीहरुको व्यवस्था गरिने छन् र संविधानसभाबाट समय–समयमा प्राप्त हुने विभिन्न सामग्रीहरु राखिने छन्। सूचना केन्द्रहरुद्वारा सञ्चालन गरिने कार्यक्रमहरुका लागि लक्षित समुहको रुपमा संविधान निर्माण प्रकृया प्रति चासो राख्ने नागरिकलाई समावेश गराइनेछ। यस सूचना केन्द्रले संविधानसभाका सभासद्हरु र नागरिकलाई दोस्रो चरणको सुझाव सङ्कलनमा अधार निर्माण गर्नमा विशेष सहयोग पुऱ्याउने अपेक्षा गरेको छ।

## ३. सूचना केन्द्रको उद्देश्य

- ✦ नागरिक सम्बन्ध समिति र जनमत सङ्कलन तथा समन्वय समितिको उद्देश्य कार्यान्वयन गर्न आवश्यक सहयोग पुऱ्याउने,
- ✦ संविधान निर्माण प्रक्रियामा सभासदहरुको हालसम्मको योगदान माथि प्रकाश पार्दै संविधानसभा प्रति जनसाधारणको विश्वास अभिवृद्धि गर्ने,
- ✦ संविधानसभाको ११ वटै विषयगत समितिका अवधारणापत्र सहितको प्रारम्भिक मस्यौदाका आधारभूत विशेषताहरु बारे सूचना प्रवाह गर्ने,
- ✦ जिल्ला र स्थानीय स्तरका सरोकारवालाहरुका लागि संविधानसभा बारे अद्यावधिक सूचना प्रवाह गर्ने,
- ✦ राजनीतिक दल र सभासद्ले उठाएका मुख्य मुद्दाहरु बारे विचार आदान प्रदान गर्ने,
- ✦ सरोकारवालाहरुबाट संवैधानिक मुद्दाका सम्बन्धमा सल्लाह सुझाव सङ्कलन गरी सम्बन्धित निकायमा प्रस्तुत गर्ने,
- ✦ मस्यौदा संविधानका लागि उपयोगी सल्लाह सुझाव दिन सकुन भन्ने उद्देश्यले जिल्ला र स्थानीय सरोकारवालाहरुलाई सक्रिय बनाउने।
- ✦ मस्यौदा संविधान राजपत्रमा प्रकाशित भएपछि जनमत सङ्कलन तथा समन्वय समितिसँग सहकार्य गरी नागरिकको सुझाव सङ्कलनमा सहयोग पुऱ्याउने।

## ४. सूचना केन्द्र स्थापना

✦ वर्तमान प्रशासनिक संरचनाका आधारमा प्रत्येक विकास क्षेत्रमा रहने गरी एक/एक सूचना केन्द्र स्थापना गरिएका छन् ।

| क्र.सं. | विकास क्षेत्र | जिल्ला |
|---|---|---|
| १ | पूर्वाञ्चल विकास क्षेत्र | मोरङ जिल्ला, विराटनगर |
| २. | मध्यमाञ्चल विकास क्षेत्र | चितवन जिल्ला, भरतपुर |
| ३. | पश्चिमाञ्चल विकास क्षेत्र | कास्की जिल्ला, पोखरा |
| ४. | मध्यपश्चिमाञ्चल विकास क्षेत्र | बाँके जिल्ला, नेपालगञ्ज |
| ५. | सुदूरपश्चिमाञ्चल विकास क्षेत्र | कैलाली जिल्ला, धनगढी |

## ५. संविधानसभाका अवधारणापत्रहरु

१. संवैधानिक समिति

२. मौलिक अधिकार तथा निर्देशक सिद्धान्त समिति

३. अल्पसंख्यक तथा सीमान्तकृत समुदायको हक अधिकार संरक्षण समिति

४. राज्यको पुनर्संरचना र राज्यशक्तिको बाँडफाँड समिति

५. व्यवस्थापिकीय अङ्गको स्वरुप निर्धारण समिति

६. राज्यको शासकीय स्वरुप निर्धारण समिति

७. न्याय प्रणाली सम्बन्धी समिति

८. संवैधानिक निकायको संरचना निर्धारण समिति

९. प्राकृतिक स्रोत, आर्थिक अधिकार तथा राजश्व बाँडफाँड समिति

१०. सांस्कृतिक र सामाजिक ऐक्यबद्धताको आधार निर्धारण समिति

११. राष्ट्रिय हितको संरक्षण समिति

## ६. सरोकारवालाहरु

| जिल्लातह | स्थानीयतह |
|---|---|
| – राजनीतिक दलहरुका नेता तथा कार्यकर्ताहरु<br>– पेशागत सङ्घ/सङ्गठनहरुका सदस्यहरु (कानून व्यवसायी, उद्यमी, प्राध्यापक, शिक्षक, डाक्टर, इन्जिनियर आदि)<br>– नागरिक समाजका सदस्यहरु<br>– जिल्लास्थित सरकारी कार्यालयका कर्मचारीहरु<br>– स्वतन्त्र बुद्धिजीविहरु | – जनजाति, मधेशी, दलित, महिला, सीमान्तकृत समुदाय र पिछडिएका वर्गहरु<br>– सामुदायिक संस्थाका अगुवा र सदस्यहरु<br>– नागरिक समाजका अगुवा सदस्यहरु<br>– शिक्षकहरु<br>– राजनीतिक दलका नेता र सदस्यहरु |

## ७. कार्यक्रम सञ्चालन प्रक्रिया

१. नेपाल कानून समाजले आ  ना जनशक्ति मार्फत सूचना केन्द्रहरु सञ्चालन गर्नेछ,
२. सूचना केन्द्रका जनशक्तिका लागि समय–समयमा अभिमुखिकरण कार्यक्रम आयोजना गरिनेछ,
३. औपचारिक कार्यक्रम मार्फत सूचना केन्द्रहरुको स्थापना गरिनेछ,
४. संविधानसभा सम्बन्धी सूचना र दस्तावेजहरु सङ्कलन गरी सूचना केन्द्रलाई अद्यावधिक गरिनेछ,
५. समय–समयमा स्थानीय सरोकारवालाहरुसँग बैठक गरी संविधान सूचना केन्द्रबारे जानकारी प्रदान गर्नेछ,
६. प्रत्येक शुक्रबार जिल्लास्तरीय सरोकारवालाहरुका लागि छलफल कार्यक्रम आयोजना गरी अवधारणापत्रको विशेषता र संविधानका सवालहरु बारे जानकारी प्रदान गरिनेछ,
७. प्रत्येक शनिवार स्थानीयस्तरका सरोकारवालाहरुका लागि विभिन्न स्थानमा छलफल कार्यक्रम आयोजना तथा दस्तावेज र अन्य सूचनाको अद्यावधिक जानकारी प्रदान गरिनेछ,
८. संविधानसभा र संविधान निर्माण प्रकृयावारे सूचना प्रदान गर्न विभिन्न स्थानहरु (स्कूल, कलेज र समुदाय आदि) मा छलफल कार्यक्रमहरु आयोजना गरिनेछन्,
९. जिल्ला तथा स्थानीय स्तरका सरोकारवालाहरुबाट प्राप्त सल्लाह, सुझाव वा अन्य लिखित दस्तावेजहरु सङ्कलन गरी जनमत सङ्कलनका लागि जिल्लामा आउने संविधानसभाको टोलीलाई हस्तान्तरण गरिनेछ,
१०. प्रत्येक महिनाको अन्तिम शुक्रबार काठमाण्डौमा पत्रकार सम्मेलन गरी जिल्लास्थित सूचना केन्द्रहरुका गतिविधि बारे जानकारी गराइनेछ,
११. संविधानसभाको जनमत सङ्कलन तथा समन्वय समिति र नागरिक सम्बन्ध समितिका सदस्यहरुले सभासद्को हैसियतमा सूचना केन्द्रको गतिविधिलाई अनुगमन गर्ने र छलफल कार्यक्रममा सहभागी हुनेछन्,

## ८. सम्पर्क व्यक्तिका लागि अभिमुखिकरण कार्यक्रम

UNDP को सहयोगमा नेपाल कानून समाज र इन्टरनेशनल आईडिइएले २०६७ श्रावण २०–२२ गते काठमाण्डौमा सम्पर्क व्यक्ति र सहयोगीका लागि अभिमुखिकरण कार्यक्रम गरी सूचना केन्द्रको विस्तृत कार्यक्रम बारे जानकारी प्रदान गरेको छ।






## ९. सूचना केन्द्रको समयावधि

पहिलो चरणमा नेपाल कानून समाजले २०६७ श्रावण ३० गतेदेखि असोज २८ गतेसम्मका लागि आ  नो जनशक्ति मार्फत संविधानसभाको अवधारणापत्र र विभिन्न कार्यक्रम बारे छलफल र अन्तरक्रिया गरी सूचना प्रवाह गर्नेछ। यस कार्यक्रमको अनुगमन र मूल्याङ्कनको आधारमा भावि कार्यक्रम तय गरिनेछ।

## विस्तृत जानकारीको लागि

**नेपाल कानून समाज**
अनामनगर, काठमाण्डौ, नेपाल
फोनः ४२६६७३५, फ्याक्सः ४२२८४९७, पो.ब. नं. १३२११
इमेलः **nls@wlink.com.np** वेब-साइटः **www.nls.org.np**

**इन्टरनेसनल आइडिया/नेपाल**
झम्सिखेल-३, ललितपुर, नेपाल
फोनः ९७७-१-५५२२३३५, फ्याक्सः ९७७-१-५५३५२५२
इमेलः info-nepal@idea.int वेब-साइटः www.idea.int